# लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपालको (पहिलो संशोधन) विधान,२०८२

लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपालको विधान, २०६३ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

मिति २०८१/१/३०को साधारण सभाका दुई तिहाई सदस्य तथा महाधिवेशनका दुई तिहाई सदस्यबाट पारित भई राष्ट्रिय निर्देशन ऐन,२०१८ को दफा ३ को उपदफा (४) बमोजिम यो विधान स्वीकृत भई लागू गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस विधानको नाम "लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ–नेपालको (पहिलो संशोधन) विधान,२०८२" रहेको छ।

(२) यो विधान नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपालको विधान, २०६३ को दफा २ मा संशोधन</u>: लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपालको विधान, २०६३ (यस पछि "मूल विधान" भनिएको) को दफा २ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(क) उपदफा २.८ को सट्टा देहाय बमोजिमको उपदफा २.८ राखिएको छः-

"२.८ "प्रादेशिक समिति" भन्नाले यस विधान बमोजिम प्रत्येक प्रदेशमा गठन भएको महासंघको प्रदेशस्तरको समितिलाई सम्झनु पर्छ।"

(ख) उपदफा २.१७ पछि देहाय बमोजिमको उपदफा २.१८ थपिएको छः-

"२.१८ "स्थानीय तहस्तरीय समिति" भन्नाले गाउँपालिका वा नगरपालिकामा रहेको महासंघको स्थानीय तहस्तरको समिति सम्झनु पर्छ।"

३. ९ मा संशोधन: मूल विधानको दफा ९ को उपदफा ९.१ को दोस्रो र तेस्रो हरफमा रहेका "जिल्ला समिति" भन्ने शब्दहरुको सट्टा "केन्द्रिय कार्यसमिति" भन्ने शब्दहरु र सोही उपदफाको पाँचौं हरफमा रहेका "मितिले १५ दिनभित्र केन्द्रिय समितिमा" भन्ने शब्दहरुको सट्टा "मितिले १५ दिनभित्र जिल्ला समितिमा" भन्ने शब्दहरु राखिएका छन्।

Scanned with CamScanner

४. मुल विधानको दफा १२ मा संशोधन: मूल विधानको दफा १२ को सट्टा देहाय बमोजिमको दफा १२ राखिएको छः

"१२. सदस्यता शुल्क जम्मा गर्ने सम्बन्धी व्यवस्था: १२.१ यस विधानको दफा ९ बमोजिम लाग्ने रकम प्रत्येक सदस्य संस्थाले समयमै बुझाउनु पर्नेछ।

१२.२ उपदफा १२.१ बमोजिम सदस्यता शुल्क वापत महासंघले तोकेको खातामा जम्मा गर्नु पर्नेछ।

१२.३ सदस्यता शुल्कमध्ये सम्बन्धित जिल्ला समितिको खातामा पच्चीस प्रतिशत ,सम्बन्धित प्रदेश समितिको खातामा पच्चीस प्रतिशत र महासंघको केन्द्रको खातामा पचाँस प्रतिशत रहने गरी व्यवस्था गरिनेछ।

१२.४ यस विधानको दफा ९.२ बमोजिम सदस्यता नवीकरण तर्फको रकमसमेत उपनियम १२.१, १२.२ र १२.३ बमोजिम नै हुने गरी केन्द्रिय समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ।

५. मुल विधानको दफा १३ मा संशोधन: मूल विधानको दफा १३ को उपदफा १३.१ मा रहेका "जिल्ला समितिमा" भन्ने शब्दहरुको सट्टा " केन्द्रिय कार्यसमितिमा" भन्ने शब्दहरु राखिएका छन्।

६. मुल विधानको दफा १४ मा संशोधन:मूल विधानको दफा १४ को उपदफा १४.२ को सट्टा देहाय बमोजिमको उपदफा १४.२ राखिएको छ:

" १४.२ केन्द्रिय पदाधिकारी तथा सदस्यहरु, प्रदेश पदाधिकारी एवम् जिल्ला अध्यक्ष सोही कार्यकालमा हुने साधारण सभा तथा महाधिबेशनमा पदेन प्रतिनिधि भई सहभागी हुनेछन् तर यसप्रकारका पदेन सदस्यहरुको प्रतिनिधित्व गर्ने संस्था यस विधान बमोजिम नविकरण भएको हुनु पर्नेछ ।"

७. मुल विधानको दफा १९ मा संशोधन:मूल विधानको दफा १९मा देहाय बमोजिम संशोधन गरिएको छः-

Scanned with CamScanner

(क)उपदफा १९.१ मा रहेका ३५ भन्ने अङ्कको सट्टा ३९ भन्ने अङ्क राखिएको छ।

(ख)उपदफा १९.२ को सट्टा देहाय बमोजिमको उपदफा १९.२ राखिएको छः

"१९.२ महासंघको महाधिवेशन प्रतिनिधिहरुले आफुहरुमध्येबाट देहाय बमोजिमका पदाधिकारी तथा सदस्य निर्वाचन गर्नेछन्:

(क) एक जना अध्यक्ष,

(ख) एक जना वरिष्ठ उपाध्यक्ष

(ग) एक जना महिला र खुल्ला दुई सहित तीन जना उपाध्यक्ष

(घ) एक जना महासचिव,

(ङ) एक जना महिला उपमहासचिव

(च) एक जना कोषाध्यक्ष

(छ) केन्द्रिय सचिव एक तथा प्रदेश सचिव सात गरी आठ जना सचिव

(ज)महिला, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्ग, मधेसी, खसआर्य र पिछडिएको क्षेत्रका एक एक जना गरी आठ जना सदस्य

(झ) महाधिवेशन प्रतिनिधिहरु मध्येबाट खुल्ला प्रतिष्पर्धाको आधारमा निर्वाचित हुने खुल्ला सदस्य पाँच जना,

(ञ) निवर्तमान केन्द्रिय अध्यक्ष पदेन सदस्य एक जना

(ट) महाधिवेशन प्रतिनिधिहरु मध्येबाट केन्द्रिय कार्यसमितिद्वारा मनोनीत नौ जना सदस्य।

(ग) उपदफा १९.३ मा रहेका " विकास क्षेत्र" भन्ने शब्दहरुको सट्टा "प्रदेश स्तर" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा १९.४ को सट्टा देहायको उपदफा १९.४ राखिएको छः-

"१९.४ उपदफा १९.२ मा जेसुकै कुरा लेखिएको भए तापनि यो विधान प्रारम्भ भएपछि महासंघको महाधिवेशन नहुदासम्मको समययका लागि उपदफा १९.२ बमोजिम कायम भई थप भएका पदहरुमा बाँकी कार्यकालको लागि अध्यक्षले मनोनित गर्न सक्नेछ।

(ग) उपदफा १९.५ पछि देहायको उपदफा १९.६ र १९.७ थपिएएको छ:-

१९.६ केन्द्रिय कार्य समितिले आफ्नो कार्यसम्पादनलाई सहजीकरणकोलागि एक जना संयोजक सहित ११ सदस्य रहेको कार्यसम्पादन समिति गठन गर्न सक्नेछ। कार्यसम्पादन समितिमा बरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोपाध्यक्ष, सचिव सहित अन्य सदस्य रहनेछन्।

१९.७ कार्यसम्पादन समितिको कार्य जिम्मेबारी तथा यसको समयावधि त्यस्तो कार्यसम्पादन समिति गठन गर्दाको बखत केन्द्रिय कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. मूल विधानको दफा २० मा संशोधन: मूल विधानको दफा २० को उपदफा(५) को सट्टा देहायको उपदफा(५) राखिएको छ:-

(५) केन्द्रिय कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्म विना सूचना कुनै पदाधिकारी वा सदस्य अनुपस्थित भएमा त्यस्ता पदाधिकारी वा सदस्यको पद स्वत: समाप्त हुनेछ र यसरी समाप्त भएको जानकारी अध्यक्ष वा अध्यक्षता गर्ने पदाधिकारीको निर्देशनमा महासचिव वा निजले तोकेको पदाधिकारीले सम्वन्धित पदाधिकारी वा सदस्यलाई जानकारी गराउनेछ।

९. <u>मूल विधानको दफा २२ मा संशोधन</u>: मूल विधानको दफा २२ को उपदफा २२.४क. थप गरिएको छ ।

"२२.४क.<u>उपमहासचिवको काम, कर्तव्य र अधिकार:</u> संस्थाको उद्देश्य बमोजिम महासचिवबाट प्रत्यायोजन भए बमोजिमका आवश्यक काम कारवाही गर्ने, गराउने।"

१०. मूल विधानको परिच्छेद-७ मा संशोधनः मूल विधानको परिच्छेद- ७ को परिच्छेद शिर्षकमा रहेका "क्षेत्रिय सम्मेलन" भन्ने शब्दहरुको सट्टा "प्रदेश सम्मेलन" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल विधानको दफा २३ मा संशोधन</u>: मूल विधानको दफा २३ मा देहाय बमोजिम संशोधन गरिएको छ:-



Scanned with CamScanner

(क) दफा २३ को दफा शिर्षकमा रहेका "क्षेत्रिय सम्मेलन" भन्ने शब्दहरुको सट्टा " प्रदेश सम्मेलन" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा २३.१ रहेका "पाँच विकास क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा " सात प्रदेशमा" भन्ने शब्दहरु र "क्षेत्रिय सम्मेलन" भन्ने शब्दहरुको सट्टा " प्रदेश सम्मेलन" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा २३.२, २३.३, २३.४, २३.५, २३.६ र २३.७ मा रहेका "क्षेत्रिय सम्मेलन" भन्ने शब्दहरुको सट्टा " प्रदेश सम्मेलन" भन्ने शब्दहरु राखिएका छन्।

१२. <u>मूल विधानको दफा २३ पछि दफा २३क. थप</u>: मूल विधानको दफा २३ पछिदेहाय बमोजिमको दफा २३क. थपिएको छ:-

(क) २३.८ <u>प्रदेशसचिवकोकाम, कर्तव्य र अधिकार</u>: प्रदेश सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

२३.८.१ संस्थाको लक्ष्य र उद्देशय पुरा गर्ने प्रतिबद्धताका साथ विधानमा तोकिएका अन्य विविध कार्यहरु गर्ने,

२३.८.२ केन्द्रीय महासचिव, अध्यक्ष तथा सचिवले तोकेको कार्य गर्ने,

२३.८.३ आफ्नो प्रदेश गतिबिधि केन्द्रमा प्रतिवेदन गर्ने र प्रदेश समितिलाई आवश्यक सहयोग गर्ने,

२३.८.४ प्रदेशको इन्चार्जको रुपमा कार्य गरी केन्द्रिय समितिलाई सहयोग गर्ने।

(ख) <u>२३.९. प्रदेश सम्मेलनसम्बन्धी व्यवस्था</u>:- २३क.२.१ प्रत्येक वर्ष सात प्रदेशमा महासंघको प्रदेश सम्मेलन र प्रत्येक तीन वर्षमा प्रदेश अधिवेश नगरिनेछ।

२३.९.१.प्रदेश सम्मेलन तथा अधिवेशनमा सम्वन्धित प्रदेश अन्तगतका सबै जिल्ला शाखामा आवद्ध रहेका सदस्य संस्थाले भाग लिन सक्नेछ। प्रदेश अधिवेशनले एकजना अध्यक्ष, एक महिला सहित दुई जना उपाध्यक्ष, एक प्रदेश महासचिव, एक जना कोषाध्यक्ष निर्वाचित गर्नेछ। प्रत्येक जिल्ला अध्यक्ष पदेन सदस्य रहनेछन। पहिलो प्रदेश सम्मेलन नहुदाँ सम्म सम्मेलनको लागी केन्द्रिय समितिले प्रदेश संयोजक तोक्न सक्नेछ।

२३.९.२ प्रदेश समितिले प्रत्येक तीन वर्षमा प्रदेशसम्मेलनको लागि मिति, समय र स्थानको निर्धारण गर्नेछ र यसरी मिति तथा समय निर्धारण गर्नु तीस दिन अगावै प्रदेश अन्तगतका सबै जिल्ला शाखालाई जानकारी गराउनु पर्नेछ।

तर यो विधान लागू भए पछिको पहिलो सम्मेलनको लागि मिति. समय र स्थान केन्द्रिय समितिबाट निर्धारण भए बमोजिम हुँनेछ।

(ग) २३.९ ३.<u>प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार</u>: प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

Scanned with CamScanner

२३.१०.१ प्रदेशस्तरमा महासंघको प्रमुख नियोजनकर्ता, सहजकर्ता, सामाजिक परिवर्तनका लागि आवश्यक कार्य गर्ने,

२३.१०.२ प्रदेशस्तरमा क्रियाशील सबै सामाजिक तथा विकास गतिविधिसँग सम्बन्धित संघ-संस्थासंग समन्वय, सहकार्य गर्ने,

२३.१०.३ प्रदेशस्तरमा संस्था सुद्धिकरण तथा क्षमता विकासका लागि श्रोत केन्द्र एवम सम्पर्क सुत्रको रुपमा काम गर्ने,

२३. १०.४ प्रदेश समितिको आम्दानी र खर्चको लेखा दुरुस्त राखे र सोको लेखापरीक्षणर कार्यालय व्यवस्थापन गर्ने,

२३.१०.५ साधारणसभा तथा महाधिवेशनका लागि प्रतिनिधि छनौट गरी पठाउने,

२३.१०.६ मासिक तथा वार्षिक कार्य प्रगति विवरन नियमित रुपमा केन्द्रमा पठाउने,

२३.१०.७ आवश्यकता अनुसार प्रदेशस्तरमा महासंघको प्रतिनिधित्व गर्ने।

(घ)२३.११ <u>प्रदेश पदाधिकारीको काम, कर्तव्य र अधिकार:</u> प्रदेश पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

२३.११.१ अध्यक्षको काम, कर्तव्य र अधिकार

२३.११.२ महासंघको उद्देश्य प्रासिमा सक्रिय भई जिल्ला स्तरमा नेतृत्व प्रदान गर्ने र सभाको बैठकको अध्यक्षता गर्ने।

२३.११.३ उपाध्यक्षको काम, कर्तव्य र अधिकार: उपाध्यक्षले अध्यक्षको कार्यसम्पादनमा सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा अध्यक्षले सम्पुर्ण कार्यहरु गर्नेछ।

२३.११.४ प्रदेश महासचिवको काम, कर्तव्य र अधिकार: प्रदेश महासचिवले प्रदेश समितिको कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्नेछ र निजले मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार पारी केन्द्रमा पठाउने छ।

२३.११.५प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार: प्रदेश कोषाध्यक्षले महासंघको प्रदेश समितिको लेखापरीक्षण गराई सोको प्रतिवेदन केन्द्रमा पठाउनेछ र निजले प्रदेश समितिको आय व्ययको हिसाब किताब नियमित र दुरुस्त राखेछ।

२३.११.६ प्रदेश सदस्यको काम, कर्तव्य र अधिकार:प्रदेश समितिका सदस्यलेअधिवेशन, साधारण सभा र कार्य समितिको बैठकमा उपस्थित भई संस्थाको उद्देश्य पूरा गर्ने तथा अधिवेशन, सधारण सभा, कार्य समिति र अध्यक्षले तोकेका अन्य कार्यहरु गर्नेछन् र निजहरु संस्थाको उद्देश्य पूरा गर्न निरन्तर क्रियाशिल रहनेछन्।

२३.११.७ प्रदेश सम्मेलन सम्बन्धी व्यवस्था:२३क.५.१.प्रदेश महाधिवेशन प्रत्येक तीन वर्षमार प्रदेश सम्मेलन मामान्यतया प्रत्येक वर्षको चैत्र महिनाभित्र गरिनेछ।

२३.११.८ .प्रदेश सम्मेलनको अध्यक्षता प्रदेश समितिको अध्यक्षले गर्नेछ।

२३.११.९ प्रदेश सम्मेलनले संस्थाको उद्देश्यपूर्तिमा सहयोग पुर्याउन आवश्यक निर्णय लिनेछ र सदस्य संस्था तथा महासंघको केन्द्रिय समिति बीचको सम्बन्ध र सहयोगलाई अझ बढि प्रभावकारी बनाउन केन्द्रिय समिति समक्ष विभिन्न सिफारिस गर्नेछ।



Scanned with CamScanner

२३.११.१० प्रदेशसम्मेलन, प्रदेश अधिवेशन र सोको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था केन्द्रीय कार्य समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

१३. <u>मुल विधानको दफा २६ पछि दफा २६क थप: मूल विधानको दफा २६ पछि देहाय बमोजिमको दफा २६क थपिएको छ:-</u>

२६क. <u>स्थानीय तहस्तरीय समिति</u>: २६क.१. स्थानीय तहमा महासंघ अन्तर्गतका संघहरु आवद्ध एक समिति रहनेछर यसरी आवद्ध हुनको लागि कम्तीमा एक संस्था त्यस्तो स्थानीय तहमा रहेको र महासंघको सदस्य हुनु पर्नेछ।

२६.५ १. उपदफा २६क.१. बमोजिमको समितिको गठन गर्दा एक मात्र संस्था भएमा त्यस्तो संस्थाको अध्यक्ष र एक भन्दा बढि संस्था भएको अवस्था भएमा त्यस्तो संस्थाका अध्यक्षहरु सदस्य हुनेछन्।

२६क.३.उपदफा२६क.१.बमोजिमको स्थानीय तहस्तरीय समितिको बैठकमा प्रदेश तथा जिल्लास्तरका महासंघका समितिका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

२६क.४ स्थानीय तहस्तरीय समितिले महासंघको जिल्ला, प्रदेश तथा केन्द्रिय कार्यसमितिको मार्ग दर्शनमा महासंघको उद्देश्य पूरा गर्न काम कारवाही गर्नेछ र आवश्यकता अनुसार त्यस्तो पदाधिकारी तथा सदस्यलाई आमन्त्रण गर्न सक्नेछ।

१४. <u>मूल विधानको दफा २९ मा संशोधन</u>: मूल विधानको दफा २९ को उपदफा २९.२.३. पछि देहाय बमोजिमको उपदफा २९.२.४. र उपदफा २९.२.५. थपिएका छन्:-

"२९.२.४.महासंघका प्रदेश, जिल्ला तथा स्थानीय तहस्तरीय समितिले आफ्नो कोष व्यवस्थापनको लागि सम्वन्धित समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट महासंघको केन्द्रिय कार्य समितिको सिफारिसको आधारमा खाता संचालन गर्न सक्नेछन्।

२९.२.५.उपदफा २९.२.४. बमोजिम खाता सञ्चालन भएको अवस्थामा त्यस्तो खाताको सञ्चालनको जानकारी महासंघको केन्द्रिय कार्य समितिमा जानकारी गराउनु पर्नेछ र त्यस्तो खाताबाट भएको खर्चको जानकारी महासंघको केन्द्रिय कार्यालयमा पेश गर्नु पर्नेछ।